# भट्टराइ बिरुद्द नेल्सन मुद्दाबारे पछिल्लो जानकारी

## भट्टराइ बिरुद्द नेल्सनको मुद्दाको प्रभावले गर्दा अदालतले नेपाल र होन्डुरसको टीपीएस अन्त्य गर्न आस्थायी रुपमा रोक्न आदेश जारी

भट्टराइ बिरुद्द नेल्सन नं.१९- सीभी-७३१ (N.D.Cal) मुद्दामा अदालतद्धारा जारी सर्त मुताविक युएससीआइसले नेपाल र होन्डुरसका योग्य टिपिएस लाभार्थीका सम्बन्धित कागजात पत्रहरुको अवधी थप गर्ने, टीपीएस सम्बन्धी कागजपत्र, रोजगार अनुमतीपत्र,(EADs) फर्म I-797, नोटिस अफ एक्सन र फर्म I-94,(प्रवेस र गमन लगत) , रामोस बिरुद्द नेल्सनको मुद्दा नं 18-cv-16981 (नाइन्थ सर्किट कोर्ट) पुनरावेदनमा अदालतको प्रारम्भिक आदेश र कानूनी प्रकृया अनुसार टुङो नलागुन्जेल सम्म जारी रहने ।

रामोसको पुनरावेदन मुद्दा मुल्तवीमा रहुन्जेल- त्यस मुद्दामा उठाइएका विषयहरु भट्टराइको मुद्दामा पनि समान प्रकृतीका रहेका कारण DHS ले नेपाल वा होन्डुरसका तोकिएका योग्य टीपीएस प्राप्त व्यक्तिको टीपीएस मान्यता IAN को भाग 244(c)(3) वा 8 CFR 244.14 अनुसार कुनै व्यक्तिगत अयोग्यताका बावजुद पनि अन्त्य गरिने छैन ।मे १०, २०१९ मा DHSले फेडरल रजिष्टर नोटिस (RFN), प्रकाशित गरेको छ ।नेपाल र होण्डुरस का टिपिएस लाभार्थी सुबिधा प्राप्त व्यक्तिको (81 FR 74470) कागजपत्र मान्यताको निरन्तरता, नेपाली टीपीएस धारीको सम्बन्धित कागजपत्रको म्याद थप गर्ने सूचना प्रकाशित छ । DHS ले होण्डुरस का टिपिएस लाभार्थी को लागि जनवरि ५, २०२० को लगभग ४५ दिन अगावै फेडरल रजिस्टर नोटिस जारी गर्नेछ ।

## हालको हैसियत

सम्बन्धित पक्षहरुको संयुक्त माग दावीको आधारमा अदालतले अंगिकार गरी जारी आदेश कायम रहने उक्त आदेश अनुसार रामोस को पुनरावेदनको निर्णय नआउन्जेल नेपाली र होण्डुरन को टीपीएस कायम रहने

सम्बन्धित पक्षहरुसँग सम्झौता अनुसार DHS ले मे १०, २०१९ मा फेडरल रजिष्टर नोटिस प्रकाशित गरेको हुँदा मार्च २४, २०२० सम्मका लागि स्वत म्याद थप भएको छ ।निम्न कागजपत्रहरुको सम्बन्धमा जानकारी सूचना मा ब्याख्या गरिएको छ । EADs , फारमहरु Forms I-797, नोटिस अफ एक्सन ( स्विकृत सूचना) ; र Forms I-94, अगमन/ गमन लगत ( सामुहिक रुपले टीपीएस सम्बन्धित कागजातहरु ) नेपालका योग्य, प्रभावित लाभार्थीहरुको लागि । DHS ले होण्डुरसका टिपिएस लाभार्थीको लागि जनवरी ५, २०२० को लगभग ४५ दिन अगावै उस्तै फेडरल रजिस्टर नोटिस जारी गर्नेछ ।

सरकारले युएस कोर्ट अफ अपिलस फर द नाइन्थ सर्किटमा रामोसले राखेको मुद्दाको प्रारम्भिक आदेशको बिरुद्द पुनरावेदन गरेको छ । जे भएता पनि टिपिएस लाभार्थीले उक्त पुनरावेदनको प्रकृया चलुन्जेल सम्म उनीहरुले टीपीएस हैसियत प्राप्त गर्नका लागि आवश्यक प्रस्तुत व्यक्तिगत योग्यता कायम भने राखी राख्नुपर्छ जुन कुराहरु आइएनए INA भाग २४४(सी) र 8 CRF 244 साथै निर्देशनहरु फर्म् आइ-८२१ टेम्पोरेरी प्रोटेक्टेड स्टाटस निवेदनमा उल्लेखित छन् ती आवश्यक सर्तहरु, सबै भन्दा पछिल्लो टीपीएस पुन: दर्ताका योग्यताहरु टिपिएस लाभार्थी जुन देशका नागरिकका लागि प्रदान गरीने तय भएको छ ति विषयहरुका बारेमा USCIS वेभ पेज र सम्बन्धित देशको टीपीएस वेभ पेजहरुमा उपलब्ध छन् ।टिपिएस लाभार्थीहरुले भ्रमण गर्ने सन्दर्भमा कुनै प्रश्नहरु छन् भने कृपया ट्राभल सेक्सनको र टीपीएस पेज चार हेर्नु होला ।

## यदि निर्णय उल्टीएमा के हुन्छ

यदि अदालतले प्रारम्भिक आदेश उल्ट्यायो र त्यही फैसला अन्तिम भएमा नेपाल र होण्डुरसका लागि प्रदान गरीएको टीपीएस दर्जा अन्त्य हुनेछ । अदालतको अन्तिम आदेशमा अन्य अरु सीमाहरु तोकिएको हकमा बाहेक ।

यदि अन्त्यका लागि एक वा थप अरु निर्णयहरु लागु हुने अवस्थामा DHS ले क्रम बद्द संक्रमण अवधीमा गरिने चरणबद्द प्राथमिकताक्रम:

(क) अपिलेट कोर्टको जारी आदेश डिष्ट्रीक्ट कोर्टहरुमा १२० दिन सम्ममा;

ख ) त्यसको कार्यान्वयनका लागि सरकारले डिष्ट्रीक्ट कोर्टलाई बसाइ अन्त्य गर्ने आदेश कार्यान्वयन गराउन निर्णय दिन अनुरोध गर्छ । १८० दिन पछी डिष्ट्रीक्ट कोर्टले बसाइ अन्त्यको निर्णय दिन्छ । अथवा

(ग ) यदि होण्डुरसको निर्णय जनवरी ५, २०२० मा जुन सेक्रेटरीद्बारा पहिला नै हुण्डुरस को टीपीएस अन्त्य हुने घोषणा भै सकेको छ,

खण्ड (ग) को प्रावधान नेपालका लागि लागु हुँदैन किनकी यस बखत सेक्रेटरीको पहिलाको जुन २४, २०१९ मा अन्त्य हुने घोषणा अपिलेट कोर्टले जार आदेश डिष्ट्रीक्ट कोर्टमा जाने प्रकृया अन्तर्गतको १२० दिन भन्दा कम्ता अवधी भएकोले

यदि प्रारम्भिक आदेश उल्ट्याउने निर्णय हुन जान्छ भने कानूनी आधारले गर्दा १२० दिन वा १८० दिन को संक्रमण अवधी स्वत सुरु हुने गर्दैन । USCISले टीपीएस लाभार्थीहरुलाई संक्रमणको अवधी कहिले देखी सुरु हुनेछ भनेर सूचना दिनेछ । संक्रमण अवधीमा जो टिपिएस लाभार्थीहरुको अन्य कुनै कानूनत बस्न पाउने आधार वा सयुक्त राज्यमा रहने बैधानिक अधिकार छैन, उनीहरुले संयुक्त राज्य अमेरिका छोड्नु पर्ने हुन्छ अथवा उनीहरु देश निकालामा पर्ने हुन्छ ।

## टेम्पोरेरी प्रोटेक्टेड स्टाटसको प्रमाण

एक वैध मान्यता प्राप्त टिपिएस लाभार्थीको प्रमाणका रुपमा नेपाललाई प्रदान गरिएको टीपीएस मान्यताको निर्णय ,टिपिएस लाभार्थीले प्राप्त टीपीएस सम्बन्धी कागजपत्रहरु, जुन कुरा मे १०, २०१९ को फेडरल रजिष्टर नोटिसमा उल्लेख गरिएको छ , त्यो स्वत जुन २४,२०१९ सम्म म्याद थप हुन गएको छ, त्यो फेडरल रजिष्टर समेत

DHS ले निम्न कागजपत्रहरुको म्याद स्वत मार्च २४,२०२० सम्मका लागि बढाएको छ- फर्म I-94 र फर्म I-797, नोटिस अफ एक्सन ( स्विकृत सूचना), यस अघि नै नेपालको टीपीएस प्रदान गर्दा स्विकृत कागज पत्र

| देश | मान्यता प्रदानको सुरुको दिन: | मान्यताको अन्तिम दिन: |
|---|---|---|
| नेपाल | डिसेम्बर २५, २०१६ | जुन २४, २०१८ |
| | जुन २५, २०१८ | जुन २४, २०१९ |

तापनि, टिपिएस लाभार्थीको थप म्याद अवधीको मान्यता उनीहरुलाई मात्रै हुनेछ – DHS ले नेपालका लागि पछिल्लो पटक गरेको घोषणा अवधीमा जस्ले प्रकृया पुरा गरी पुनदर्ताको लागि निवेदन गरेका(मे २२,२०१८-जुलाई २३, २०१८) वा त्यस पहिलाको पुन दर्ताको अवधी (अक्टोबर २६,२०१६-डीसेम्बर २७,२०१६ ) वा जस्को पुनदर्ताको निवेदनमा निर्णय नभैसकेको अवस्थाका

मे १०, २०१९ को फेडरल रजिष्टर नोटिसमा उल्लेख भए अनुसार यदि रामोस को प्रारम्भिक आदेश मार्च २४, २०२० भन्दा पछी सम्म पनि कायम रहेमा DHS ले फेडरल रजिष्टर नोटिस जारीको क्रम निरन्तर गरी रहनेछ, जस्ले नेपालका टिपिएस लाभार्थीको कागजपत्रहरुको म्याद थप नौ महिना स्वत बढेको हुनेछ । वा नेपाल र होन्डुरसका प्रभावित टिपिएस लाभार्थीहरुको म्याद थप भएको कागज पत्र के कसरी हासिल गर्ने भन्ने सम्बन्धमा उपयुक्त प्रकृयाहरुको सुचना दिइनेछ । DHS को माथि उल्लेखित संक्रमण अवधी कार्यान्वयनमा प्रतिबद्दता कायम रहनेछ ।

## हालको समाप्ती मिती

नेपाल र होण्डुरसका टिपिएस लाभार्थीहरुले आफ्नो कानूनी हैसियत कायम राखी राख्नुपर्ने हुन्छ, भट्टराइको मुद्दामा अदालतको आदेश नआयुन्जेल,वा अन्य कुनै काट्ने निर्णय नहुन्जेल DHS ले टीपीएस मान्यता अन्त्यको कार्यान्वयनका लागि रोकावट भएको अवस्थामा पनि टीपीएस मान्यताका व्यक्तिगत योग्यताहरु कायम रखी राख्नुपर्ने हुन्छ । कतिपय टिपिएस लाभार्थीसँग अमेरिका ब्मा बस्न पाउने अन्य किसिम का अध्यागमन कागज पत्र वा अमेरिका मा कानूनत रहन पाउने आधार भएको प नि हुन सक्छ । स्बंन्धित देश को टीपीएस अन्त्य भए पछी समेत त्यस्ता कानूनी मान्यता को निरन्तरता हुनेछ । यदि कुनै देशको टीपीएस अन्त्यको विषय अदालतको आदेशद्वारा अनुमती दिइन्छ भने USCIS ले फेडरलर जिष्टर नोटिस FRN जारी गर्दछ । यदि अभियुक्त पक्राउको अधिकार र त्यस सम्बन्धित जानकारी, टीपीएस अन्त्यको मिति र संक्रमणका समयक्रमको जानकारी वेभसाइट मार्फत दिइनेछ ।

## पुनःदर्ता

हालको सुबिधा प्राप्त नेपाल र होण्डुरसका टिपिएस लाभार्थीहरुले अहिले टीपीएस मान्यता कायम राखी राख्न यस पटक पुन: दर्ता गरी रहनुपर्दैन किनकि यस अघिको देश अनुसारको पुनदर्ताको निम्न अवधीमा उनीहरुले प्रकृया पुर्याएर पुनदर्ता गरीसकेका छन् भने यदि तपाईंले आफ्नो देशको पुनदर्ताको तलका मध्यको अवधीमा प्रकृया पुर्याएर पुनदर्ता गराउनु भएको छ भने USCIS ले औंठाछापको लागि समय समेत दिइ उपस्थित हुन सुचना पठाएको छ भने मात्रै नत्र भने तपाईंले नयाँ फिङरप्रीन्ट औंठाछाप पेस गर्नुपर्दैन ।

| देश | पुनदर्ताका मितिहरु |
|---|---|
| नेपाल | मे २२,२०१८ - जुलाई २३,२०१८<br>अक्टोबर २६,२०१६- डीसेम्बर २७,२०१६ |
| होण्डुरस | जुन ५, २०१८ – अगस्ट ६, २०१८<br>मे १६, २०१६ – जुलाई १५, २०१६ |

लाभार्थीहरु जसले माथि उल्लेखित पुनदर्ताको अवधीमा पुनदर्ता नगरेका सुविधा पाउन लायकले समेत टेम्पोरेरी प्रोटेक्टेड स्टाटस पाउनका लागि फर्म I -821 निवेदन दिन पाउछन् । तर उनीहरुले किन पुनदर्ता गर्ने कानूनी समयसिमा भित्र किन गरेनन भन्ने " चित्त बुझ्दो कारण " भने प्रस्तुत गर्नुपर्ने हुन्छ । INA, सेक्सन 244(c)(3)(C) हेर्नुहोस्

ढिला पुनदर्ता गर्नेहरुले टीपीएस मान्यता प्राप्त देशका लागि पछिल्लो पटक फेडरल रजिष्टर नोटिसमा जारी पुनदर्ताको अवधीमा किन पुनदर्ता गराउन सकेनन् भन्ने स्पष्ट कारण सहितको पत्र लेख्नुपर्ने हुन्छ ।

यदि तपाईंले सुचित पुनदर्ताको अवधी भन्दा पछि पुनदर्ता गराउन निवेदन गर्नु भएको अवस्थामा HHS ले तपाईंको देशको टीपीएस अन्त्यको घोषणा जारी गरी सकेको स्थितीमा तपाईंलाइ उक्त घोषणाका कारण के कस्ता प्रभाव पर्न गयो भन्ने बर्णन समेत र टीपीएस अन्त्यको घोषणाले पुनदर्ता गराउन के कसरी असमर्थ भइयो भन्ने विवरण समेत खुलाउनुपर्ने हुन्छ । USCIS ले त्यस्तो वर्णन लाई तोकिएको अवधीमा पुनदर्ता गर्न किन असमर्थ भन्ने प्रश्न मा "चित्त बुझ्दो कारण" का रुपमा लिन सक्नेछ । जे भए पनि, टीपीएस अन्त्यको घोषणाको कारण ढिला निवेदन गर्न अफ्ठ्यारो पारेको कारण होइन भने तपाईंले "चित्त बुझ्दो कारण" को वर्णन संलग्न गर्नुपर्ने हुँदैन । निवेदक त्यस्तो "चित्त बुझ्दो कारण" वर्णन गर्दा इमान्दार हुनु पर्नेछ ।

## विद्युतीय औंठाछाप

टीपीएस लाभार्थीहरु जसले उक्त देशको पुनदर्ताको समयावधीमा पुनदर्ताको निवेदन गरेनन् र ढिला पुनदर्ताको प्रकृया अघि बढाउन निवेदक १४ वर्ष माथिका सबैले औंठाछाप पेस गर्नुपर्ने हुन्छ । यदि आवश्यक परेमा USCIS ले सम्बन्धित व्यक्तिलाई औंठाछाप लिनका लागि समय र स्थान को सूचना पठाउन सक्नेछ । USCIS जसले प्रकृया मिलाएर पुन दर्ताको निवेदन दिए र जसले पछी फाराम I-765 निवेदन काम गर्ने अनुमती पत्र वा इएडी निवेदन पनि दर्ता गराएका छन उनीहरुलाई पनि औंठाछाप लिन स्थान र समयको छुट्टै पत्र पनि पठाउन सक्नेछ ।

## रोजगार प्राधिकरण कागजातहरु

फेडरल रजिष्टर नोटिस मा मे १०, २०१९ मा प्रकाशित भए अनुसार DHS ले घोषणा गरेको छ कि नेपालको टीपीएस मान्यताका आधारमा नेपाली टिपिएस लाभार्थीहरुको काम गर्ने अनुमतीपत्र को म्याद मार्च २४,२०२० सम्म स्वत बढ्नेछ । जस्को संकेत श्रेणी "A-12" वा "C-19" र तलका मध्य एउटा म्याद सकिने अवधी भएका:

| |
|---|
| ०६/२४/२०१८ |
| ०६/२४/२०१९ |

टिपिएस लाभार्थीहरु जोसँग काम गर्ने अनुमतीपत्र छ त्यसको स्वत म्याद थप हुनेछ र उनीहरुले पुन निवेदन गर्नुपर्ने छैन । तर यदि चाहन्छन् भने गर्न भने पाउने छन् । अतिरिक्त, नेपालका टीपीएस सुबिधावाहक जसको काम गर्ने अनुमती र पुन दर्ताको निवेदन निर्णय नभैसकेको स्थितीमा छ भने यदि USCIS ले उनीहरुको टीपीएस पुन दर्ता र काम गर्ने अनुमती पत्रको निवेदन स्विकृत भएमा त्यसको म्याद मार्च २४,२०२० सम्म कायम भएको पत्र पठाइनेछ ।

यदि मार्च २४,२०२० भन्दा पहिल्यै फेडरल रजिष्टर नोटिसमा पछी हुने घोषणा प्रकाशन गरेमा फेडरल र जिष्टर नोटिसले कित टीपीएस सम्बन्धित कागजपत्रको म्याद मार्च २४,२०२० भन्दा पछी नौ महिनाको अवधी स्वत बढ्ने छ अथवा टीपीएस नविकरणको कागजपत्र कसरी प्राप्त गर्ने भन्ने आवश्यक प्रकृया र जानकारीहरु नेपालको टीपीएस सम्बन्धी सुबिधा पाउने प्रभावितहरु लाई दिइने छ ।

नेपालको टीपीएस मान्यताबाट सुबिधा पाएका टिपिएस लाभार्थीहरु जोसँग काम गर्ने अनुमती पत्र छैन्, त्यसको अवधी पनि फेडरल रजिष्टर नोटिसबाट स्वत थप हुन जाने वा जस्ले काम गर्ने अनुमती पत्रको स्वत म्याद बढ्ने हैसियतको सट्टा म्याद थपिएको नयाँ कार्ड लिन निवेदन दिन

पनि पाउनु हुन्छ फाराम I-765 आवश्यक शुक्ल तिरेर वा शुल्क मिनाहा को अनुरोध सहित यदि USCIS ले त्यस्तो निवेदन स्विकृत गरेमा यस्ले नयाँ काम गर्ने अनुमती पत्र अवधी मार्च २४,२०२० सम्मको प्रदान गर्नेछ ।

टीपीएस सुबिधा लिनेहरु 8 CFR 103.7(c) अन्तर्गत शुल्क मिनाहाका लागि योग्य हुन सक्दछन् । यदि तपाईं शुल्क मिनाहाका लागि योग्य छु भन्ने लाग्छ भने यो फाराम Form I-912 भर्नु होला र शुल्क मिनाहा को लागि अनुरोध अथवा लिखित अनुरोध पेस गर्नुहोस् । शुल्क तिर्न असमर्थताको आधार सहित लिखित अनुरोध सहितको तपाईंको निवेदन _फारम I-765

तपाईंले निवेदनहरुको हालको अवस्थिती र निर्णय हुने समयका बारेमा सबै USCIS फर्महरुको नतिजा हेर्न सक्नु हुन्छ USCIS को वेभसाइटमा

## काम गर्ने पाउने आधार

यि फारामहरु भर्दा फाराम I-9 इम्प्लोइमेन्ट इलिजिबिलिटी भेरीफिकेसन प्रमाणका रुपमा काम गर्ने अनुमतीपत्र र परिचय , टिपिएस लाभार्थीले उनीहरुले पाएको काम गर्ने अनुमती पत्र, म्याद सकिएको भए पनि काम गर्ने अनुमती पत्र व्यक्तिलाई दिएको स्वत म्याद थप हुने सूचना वा काम गर्ने अनुमती पत्र जुन म्याद समप्त भएको भए पनि मे १०,२०१९ लेखिएको फेडरल रजिष्टर नोटिस जसकोआधारमा स्वत म्याद थप भएको जनिने स्वत म्याद थप भएको तर म्याद सकिएको काम गर्ने अनुमतीपत्र भएका काम गरीरहेकाले फेडरल रजिष्टर नोटिसको कपीनै नयाँ म्याद थप भएको काम गर्ने अनुमतीपत्रको रुपमा प्रस्तुत गर्न सक्ने फेडरल रजिष्टर नोटिस मा र USCIS I-9 सेन्ट्रल वेभ पेज मा उल्लेख भए अनुसार व्यक्तिले काम गर्ने अनुमतीको प्रमाणमा I-9 फराम भर्दा आवश्यक पर्ने विवरण पूर्ण रुपमा भर्नु पर्ने र आवश्यक पर्ने अन्य कागजातहरु प्रस्तुत गर्नु पर्ने जुन कुरा फाराम I-9 मा उल्लेख अनुसार

अमेरिकामा रोजगारीको लागि फाराम I-( अनिवर्य छ तर रोजगारदाताले काममा नलिए सम्मको लागी यसको जरुरत पर्दैन । कामदारले फाराम I-9 को सुची बाट कुनै पनि कागजात प्रस्तुत गर्न पाउछ । मान्यता हुने कागजातहरु बाट रोजगारदाता लाई काम गर्ने अनुमतीपत्र वा परिचयको कागजको रुपमा दिन सकिने I-9 फाराम को उद्देष्य भनेको, म्याद कायम भएको काम गर्ने अनुमती पत्र वा स्वत म्याद थप भएर मान्यता को अवधी भएको फेडरल रजिष्टर नोटिस वा व्यक्तिको नामको सूचना,यि कागजातहरु व्यक्तिको परिचय र काम गर्ने अनुमती प्रमाणका रुपमा मानिनु हो ।

रोजगारदाताहरुले फाराम I-9 भर्ने सम्बन्धमा जान्न चाहेमा हेरेर I-9 सेन्ट्रल वा I-9 को संपर्क केन्द्रमा फोन गरेर :

- रोजगारदाताको लागि ८८८-४६४-४२१८
- कामदारको लागि ८८८-८९७-७७८१
- सुन्न समस्या हुनेको लागि ८७७-८७५-६०२८

## रोजगारीको छानबिनमा भेदभाव

कामदारले कुनै रोजगारदाताले काम गर्न पाउने अनुमती I-9 का मान्यता प्राप्त कागजातहरु अस्विकार गरेमा वा जसले स्वत म्याद थप भएको काम गर्न पाउने अनुमती अस्विकार र कुनै भेदभावपूर्ण ब्यवहार गरेमा जस्टिस डिपार्टमेन्टको सिभिल राइट्स डिभिजनको इमिग्रेसन राइट्स सेक्सनमा संपर्क गर्न सक्नुहुन्छ ।

- कामदारको लागि ८००-२५५-७६८८
- रोजगारदाताको लागि ८००-२५५-८१५५

- सुन्न समस्या हुनेको लागि: २०२-६१६-५५२५ वा ८००-२३७-२५१५

## सरकारी निकायमा कानूनी हैसियत कसरी देखाउने

टीपीएस सुबिधाधारीले चालक अनुमतीपत्र वा राज्य वा स्थानीय निकायबाट पाउने सुबिधा लिन प्रमाणका रुपमा देखाउन USCIS मा प्रयोग हुने SAVE Program एलियन नम्बर वा I-94 नम्बर भएका कागजात प्रस्तुत गर्न सक्रेछन् । ति नम्बरहरु अध्यागमनका बिभिन्न कागजपत्रहरुमा टीपीएस वाहकले टीपीएस सम्बन्धमा प्राप्त गरेका पत्रहरुमा पाउन सकिन्छ ।

DHS ले त्यस्तो आवश्यकता पुरा गर्न निम्न किसिमका कागजातहरु उपलब्ध गराउने गर्दछ ।

- फाराम I-797, नोटिस अफ एक्सन, I-821 फर्मको स्विकृती सूचना, टेम्पो रेरी प्रोटेक्टेड स्टाटसको निवेदनहरु मा एलियन नम्बर हुने गर्दछ ।
- फारम I-766 , इम्प्लोइमेन्ट अथोराइजेसन डकुमेन्ट (EAD) टिपिएस लाभार्थीका लागि जारी हुने काम गर्न पाउने अनुमती पत्र (EADs) मा श्रेणी A12 वा C19 लेखिएको हुन्छ र एलियन नम्बर समेत हुन्छ;
- फर्म I-512, संयुक्त राज्यमा बिदेशी व्यक्तिलाई दिइएको सजाय माफी सम्बन्धी कागजमा एलियन नम्बर हुन्छ । यस्तो फाराम त्यस्ता टिपिएस लाभार्थीलाई प्रदान गरिन्छ जसले भ्रमण अनुमती लागि र यु.एस. बाहिर भ्रमण अनुमती पाएका हुन्छन्, र कस्टम एन्ड बोर्डर प्रोटेक्सनले यदि यु.एस. छिर्न अनुमती दिन्छ त्यस्ता कागजात; र
- फर्म I-94 आगमन/ गमन लगतमा I-94 नम्बर हुन्छ ।

एक्ज्युकेटिभ अफिस अफ इमिग्रेसन रिभ्यु बाट टीपीएस स्विकृती सम्बन्धमा अन्तिम आदेश पाएकाहरुसंग पनि कित एलियन नम्बर वा I-94 नम्बर हुन्छ ।

थप जानकारीका लागि हेर्नु होला, हाम्रो वेभ पेज SAVE आवेदकको हितको लागि

यदि DHS ले फेडरल रजिष्टर नोटिस मार्फत निश्चित टीपीएस सम्बन्धी कागजपत्रको स्वत म्याद थपको जानकारी प्रकाशित गरेको छ भने SAVE ले टिपिएस लाभार्थीहरुलाई के सुझाव दिन्छ भने राज्य वा स्थानिय निकायमा त्यो फेडरल रजिष्टर नोटिसको नक्कल देखाउन र अध्यागमन सम्बन्धी बिवरण अध्यावधिक गराउनुहोला ।

SAVE ले व्यक्ति को टीपीएस भए नभए को छानबिन गर्छ, हरेक निकाय का आफ्नै प्रकृया द्वारा टीपीएस सम्बन्धी कागजपत्रको स्वत म्याद थप भए नभएको निर्क्योल गर्ने गर्दछन् । तपाईंले सरकारी निकायहरुमा फेडरल रजिष्टर नोटिसको कपी देखाउदा स्वत म्याद थप भएको टीपीएस सम्बन्धी कागजपत्र साथै सब भन्दा पछिल्लो टीपीएसको गजपत्र जसमा एलियन नम्बर वा I-94 नम्बर भएको हुन्छ । तपाईंले SAVE ले तपाईंको टीपीएस सुबिधाको निरन्तरताको छानविन गर्छ भनेर भन्न सक्नुहुन्छ । तपाईंले ति निकायमा SAVE को पद्दतिमा निर्क्योलका लागि तपाईंको विवरण दिएर सोध्न सक्नुहुन्छ भनेर भन्न सक्नु हुन्छ र टीपीएस सुबिधा वाला होकि होइन भन्ने कुरा आवश्यक चरण र प्रकृयाबाट पत्ता लगाउनुहोस् भनेर । तपाईंले ति निकायलाई SAVE को सूचनाहरु हेर्न र यदि उनीहरुलाई तपाईंको अध्यागमन हैसियत वा टीपीएस सम्बन्धी कागजपत्रहरुको स्वत म्याद थप बारेमा कुनै प्रश्न भएमा सोध्न सक्नुहुन्छ ।